राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY
प्रतिदिन १६ औं वार्षिकोत्सव




वर्ष-१६ ।। अङ्क : ९० ॥ २०८१ वैशाख २८ गते शुक्रबार (10th May 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

# मानव-हात्ती द्वन्द्वमा अपराध मौलायो





झापा(प्रस) । २०६८ सालयता झापामा हात्तीको आक्रमणमा परी ६० नेपाली र सात विदेशी नागरिकले ज्यान गुमाए । हात्तीको आक्रमणमा परी मारिएका परिवारलाई राज्यले सात करोड १९ लाख ७० हजार ६९७ रुपैयाँ राहत वितरण गर्यो । मानव-हात्तीबीचको द्वन्द्वमा परी २० वटा हात्तीलेसमेत ज्यान गुमाउनु पर्यो । तर, यतिका धेरै हात्तीलाई मानिसले मारिरहँदा अहिलेसम्म कसैमाथि पनि कार्वाही हुन सकेको छैन । मानव-हात्तीबीचको द्वन्द्वमा अपराध बढिरहँदासमेत कार्वाही गर्न नसक्नु वन्यजन्तुको संरक्षणप्रति प्रहरी प्रशासनको लाचारीपन प्रष्ट भएको छ ।

झापामा हालसम्म मरेका २० वटा हात्तीमध्ये कालगतिले मरेका हात्तीको संख्या न्यून छ । गत बैशाख ४ गते मेचीनगर नगरपालिका- १२ स्थित कालिका सामुदायिक वनभित्र दुवै दाह्रा काटिएको ४० वर्षको बयस्क हात्ती मृत फेला पर्यो । पुच्छर र दाह्रा नभएको हात्तीलाई तस्करले गोली हानेर मारेको डिभिजन वन कार्यालयले निष्कर्ष निकाल्यो । "हात्तीलाई गोली हानेर मारिएको रहेछ", डिभिजन वन कार्यालयका वन अधिकृत जीवन पाठकले भने,"मारिएको हात्तीको दाह्रा र पुच्छर नहुनुले झापामा हात्ती तस्करी गर्ने समूह सक्रिय रहेको पुष्टि हुन्छ, हामी हात्ती मार्ने गिरोहको सुक्ष्म ढङ्गले खोजी गरिरहेका छौँ ।" यसअघि २०७७ कात्तिक १४ मा बुद्धशान्ति गाउँपालिका-५ को पाँचपोखरी सामुदायिक वनमा पनि दाह्रा र पुच्छर नभएको अवस्थामा मृत हात्ती फेला परेको थियो । हात्तीको ढाडमा गोलीको खत भेटिएको हुँदा तस्करले मारेको ठहर गरिएको थियो । यी घटनाबाट झापामा हात्ती मार्ने तस्कर समूह सक्रिय बन्दै गएको प्रष्ट हुन्छ । हात्ती तस्करीसंगै जिल्लामा करेन्ट लगाएर धेरै हात्तीलाई मारिएको छ ।आहाराको खोजीमा आउने हात्तीलाई करेन्ट लगाएर मार्ने आपराधिक प्रवृत्ति बढिरहँदा त्यसलाई उचित ठहर्याउन खोजिएको छ ।

हात्तीलाई करेन्ट लगाएर मारेको स्पष्ट रुपमा देखेपनि प्रहरी प्रशासनले कार्वाही गर्ने हिम्मत गर्न सकेको छैन । "यहाँ विद्युतीय तारबारमा परेर र पारिएर पनि धेरै हात्ती मरेका छन्" वन अधिकृत पाठकले भने ,"तर प्रमाण नजुट्दा हात्ती मार्ने कार्यमा संलग्नलाई कारबाही गर्न सकिएको छैन ।" करेन्ट लगाएर हात्ती मार्ने कार्यमा धेरैजनाको संलग्नता रहने गरेपछि मुद्धा चलाउन सजिलो नभएको एक वन अधिकृतले बताए । उनले राजनीतिक कारणले गर्दा पनि हात्ती मार्नेहरुलाई कार्वाही गर्न नसकिएको स्वीकार गरे । गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। ऐनमा कडा सजायको व्यवस्था हुँदाहुँदै प्रहरी प्रशासन लाचार बन्दा संरक्षित वन्यजन्तु हात्तीमाथि अपराध बढ्दै गएको हो । मानव-हात्तीबीच लामो समयदेखि द्वन्द्व चलिरहेको छ । त्यस द्वन्द्वलाई न्यूनीकरण गरी सहअस्तितत्वको वातावरण निर्माण गर्नुपर्ने आवाज उठिरहेको अबस्थामा हात्तीमाथि अपराध बढ्दै गएको हो ।

# बिर्तामोडका दुई वटा बैंकमा तोडफोड, चार पक्राउ



बिर्तामोड(प्रस) । दुर्गा प्रसाईको 'राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियान' को युवा संगठन नागरिक युवा दस्ताले झापाको बिर्तामोडमा दुई वटा बैंकमा तोडफोड गरेका छन् । बिर्तामोडको एभरेष्ट बैंक र ज्योति विकास बैंकमा तोडफोड भएको हो ।

तोडफोडमा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बिर्तामोड ३ बस्ने २७ वर्षीय मनकुमार तामाङ, बुद्धशान्ति ४ का ३४ वर्षीय अन्जेस राई (बुलेट किराँती), सोही ठाउँका १६ वर्षीय दिपेश राई र बिर्तामोड ४ बस्ने १८ वर्षीय पवन दुलाल रहेका छन् ।

गत बैशाख २५ गते एभरेष्ट बैंक र ज्योति विकास बैंकले ऋणीलाई सास्ती दिएको भन्दै बर्दिया राजापुरका खुसीराम चौधरी आत्महत्या गरेको आरोप लगाइएको छ । त्यसैको विरोधमा दुर्गा प्रसाईको 'राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियान' को युवा संगठन नागरिक युवा दस्ताले बैंकमा तोडफोड गरेका थिए। बिहान ११.४० बजेको समयमा बिर्तामोड ५ स्थित सिटीसेन्टर अगाडिबाट राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानको नागरिक युवा दस्ताद्वारा बैंक तथा वित्तीय संस्थाले गरेको ज्यादती विरुद्धमा पैदल ऱ्याली आयोजना गरिएको थियो । नागरिक युवा दस्ता झापाका कार्यकारी प्रमुख भिम तुम्बाम्फेको नेतृत्वमा अन्दाजी ४०-५० जनाको संख्यामा भेला भई सिटिसेन्टरबाट मुक्तिचोकतर्फ जाँदै गरेको अबस्थामा ऱ्यालीका सहभागीहरुले ज्योति विकास बैंक र एभरेष्ट बैंकमा ढुंगा हानेका थिए । तोडफोडमा संलग्नलाई तत्काल पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । उनीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

कालो मास्क र नेपालको झन्डासहित नारा लगाउँदै उनीहरूले बैंकमा ढुंगामुढा गरेका थिए । प्रदर्शनकारीले ज्योति विकास बैंकमा प्रवेश गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । उनीहरूले एभरेष्ट बैंक रहेको घरमा ढुङ्गा प्रहार गर्दा सो घरको १५- १६ वटा सिसा फुटेको छ । ज्योति विकास बैंकमा भने सामान्य क्षति भएको प्रहरीले जनाएको छ ।

# भारतमा चाइनिज लाइटरको तस्करी बढ्यो



झापा(प्रस) । बुधवार साँझ प्रहरीले झापाको मेचीनगरबाट २९ काटुन लाइटर बरामद गरेको छ ।
साँझ अन्दाजी ६ बजेको समयमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट प्रहरी नायव उपरीक्षक मिमबहादुर लामा र सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टाका सशस्त्र प्रहरी नायव उपरीक्षक राजनलाल श्रेष्ठको कमाण्डमा खटिएको संयुक्त प्रहरी टोलीले मेचीनगर ७ धनकुटे बस्तीमा परालको कुन्यूमा लुकाई छिपाई राखेको अन्दाजी मूल्य रु.२ लाख ९० हजार बराबरको २९ काटुन लाइटर बरामद गरेको हो । लाइटर नियन्त्रणमा लिई थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । पछिल्लो समय नेपालबाट अबैधरुपमा भारततर्फ चाइनिज लाइटरको कारोवार बढेको छ ।
चैतको दोस्रो साता पश्चिम बंगाल प्रहरीले दार्जिलिङ सिलिगुडीको खालपाडा इलाकाको एउटा गोदामबाट ४० काटुन चाइनिज लाइटर भण्डारण गरेको अवस्थामा बरामद गरेको थियो ।
त्यसपछि गत चैत २३ साँझ ६ बजे मेचीनगर ७ को गैरीगाउँबाट नेपाल प्रहरीले करिब ४० हजार रुपैयाँ मूल्य बराबरको चार काटुन लाइटर नियन्त्रणमा लिएको थियो ।

❖ बाँकी अन्तिम पृष्ठमा

# नयाँ मुख्यमन्त्री नियुक्तिविरुद्ध सर्बोच्चमा रिट



झापा(प्रस) । कोशी प्रदेशमा नयाँ सरकार गठनविरुद्ध परेको रिट सर्वोच्च अदालतमा दर्ता भएको छ ।
निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिट सर्वोच्च प्रशासनले बिहीबार दिउँसो दर्ता गरेको हो ।
रिट निवेदनमा कार्कीले अन्तरिम आदेशमार्फत प्रदेश प्रमुखको आह्वानलाई बदर गर्न माग गर्नुका साथै आफूलाई मुख्यमन्त्रीमा निरन्तरता दिन माग गरेका छन् । उनले नयाँ सरकार गठन असंवैधानिक भएको दाबी गरेका छन्। 'मुख्यमन्त्री पदमुक्त भएको भन्नेसम्मको व्यहोरा समेत उल्लेख गर्न नसकी तथा संविधानको कुनै खास व्यवस्था पनि उल्लेख नगरी आत्मगत ढंगबाट 'संवैधानिक व्यवस्था बमोजिम समर्थन

❖ बाँकी अन्तिम पृष्ठमा

# कोशीको मुख्यमन्त्रीमा कार्कीको 'ह्याट्रिक'




झापा(प्रस) । कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पद तथा गोपनियताको शपथ लिएका छन् ।
बिहीबार बिहान संविधानको धारा १६८ को ५ अनुसार मुख्यमन्त्री नियुक्त भएका कार्कीले साँझ प्रदेश प्रमुख परशुराम खापुङबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका हुन् ।
कार्कीले आफ्नो शपथपछि दुई मन्त्री नियुक्त गरेका छन् । उनीहरुले पनि प्रदेश प्रमुखबाट शपथ लिएका छन् । नेकपा एमालेबाट इलामका रामबहादुर मगर र नेकपा माओवादी केन्द्रबाट मोरङका गणेश उप्रेतीले विनाविभागीय मन्त्रीको रुपमा शपथ लिएका हुन् ।
नेकपा एमाले संसदीय दलका उपनेतासमेत रहेका मगर केदार कार्की नेतृत्वको सरकारमा पनि मन्त्री बनेका थिए । गत वर्षको कात्तिकमा उप्रेतीलाई मुख्यमन्त्री केदार कार्कीले मन्त्री बनाएपछि विनाविभागीय मन्त्री रहेका मगर सरकारबाट बाहिरिएका थिए । उप्रेतीले भने गत चैत २६ गते पर्यटन, वन तथ वातावरण मन्त्रीबाट राजीनामा दिएका थिए ।
मुख्यमन्त्री कार्कीलाई एमालेका ३९ र माओवादी केन्द्रका १३ सांसदले समर्थन गरेका छन् ।
नवनियुक्त मुख्यमन्त्री कार्कीले एक साताभित्र नै विश्वासको मत लिने भएका छन् । बिहीबार मुख्यमन्त्रीको शपथ ग्रहणपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै कार्कीले हप्ता दिनभित्र नै सरकारलाई पूर्णता दिएर विश्वासको मत लिने बताएका हुन् । बजेट तथा नीति र कार्यक्रमको तयारी गर्नुपर्ने भएकोले सरकारले पनि छिट्टै पूर्णता पाउने उनको भनाइ छ । 'जनताका असन्तुष्टिलाई चिर्ने गरी नीति तथा कार्यक्रममा ल्याउँछौ,' उनले भने ' प्रदेश संरचनाप्रति जनतामा रहेको निराशालाई उठाउने गरी काम गर्छौ ।'
प्रदेशसभामा रहेका सबै दललाई साथमा लिएर हिँड्ने बताउँदै कार्कीले नेकपा एकीकृत समाजवादी र जसपालाई पनि सरकारमा सहभागी गराउने संकेत गरेका छन् । 'अब एक दुई दिनभित्र सरकारले पूर्णता पाउँछ' उनले भने, 'प्रदेशको विकासका लागि सबैसँग सहकार्य गर्छौं ।'
कोशी प्रदेशको मुख्यमन्त्रीमा कार्कीले 'ह्याट्रिक' गरेका हुन् ।
कार्की २०७९ पुस २४ गते संविधानको धारा १६८ को उपधारा २ अनुसार मुख्यमन्त्री नियुक्त भएका थिए । त्यसबेला उनलाई नेकपा (माओवादी केन्द्र), राप्रपा र जनता समाजवादी पार्टीको समर्थन थियो ।
फागुन २७ गतेको राष्ट्रिपति निर्वाचनमा केन्द्रको समीकरण परिवर्तन भएपछि कार्की सरकार अल्पमतमा पर्यो । माओवादी र जसपाले २०८० जेठमा सरकारबाट बाहिरिएर समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका कार्कीले २०८० असार १५ मा राजीनामा दिएका थिए । कार्कीले राजीनामा दिएपछि असार २१ मा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री नियुक्त भए । काँग्रेस र एमाले गठबन्धनले सभामुख बाबुराम गौतमलाई पनि हस्ताक्षर गर्न लगाएर थापाको मुख्यमन्त्री दावी परेकोमा त्यसविरुद्ध एमाले नेता कार्कीले सर्वोच्चमा रिट दायर गरे । उनको रिटको सुनुवाई गर्दै साउन ११ मा सर्वोच्च अदालतले थापालाई पदमुक्त गरिदियो । त्यसपछि गठबन्धनले सभामुख बाबुराम गौतमलाई राजीनामा दिन लगाएर साउन १६ मा थापालाई नै मुख्यमन्त्री बनाउन दावी पेश गर्यो । मुख्यमन्त्री नियुक्त भएका थापाले भदौ ४ गते प्रदेशसभाबाट विश्वासको मत लिने प्रस्ताव पठाए ।



# धार्मिक गुरु डा.केपी योहन्नाको कारको ठक्करबाट निधन

झापा(प्रस) । गोस्पेल फर एसियाका संस्थापक धार्मिक गुरु डा. केपी योहन्नाको कारको ठक्करबाट निधन भएको छ । घाइते योहन्नाको उपचारको क्रममा हृदयघातका कारण निधन भएको बताइएको छ ।

गोस्पेल फर एसिया ( जीएफए) का संस्थापक डा. योहन्नालाई बुधबार अमेरिकास्थित डलास नजिकैको जीएफए मुख्यालयनजिकै हिड्ने क्रममा कारले ठक्कर दिएको थियो । हालै जीएफए वर्ल्डको रूपमा पुनः नामकरण गरिएको गोस्पेल फर एसियाको एक विज्ञप्ति अनुसार योहन्नाको डालास, टेक्सासको एक अस्पतालमा अचानक हृदयघातका कारण मृत्यु भयो, जहाँ उनले दुर्घटना भएदेखि उपचार गराइरहेका थिए। बीईसीका प्रवक्ता फादर सिजो पाण्डापल्लिललाई उद्धृत गर्ने न्यु इन्डियन एक्सप्रेसको रिपोर्ट अनुसार योहन्ना मंगलबार बिहान ७ बजे विहान घुम्न बाहिर गएका थिए । दुर्घटनापश्चात् योहन्नालाई तत्काल



हेलिकप्टरबाट अस्पताल लगिएको थियो । जहाँ डाक्टरहरूले उनको फोक्सोको शल्यक्रिया गरेका थिए। शल्यक्रियापछि उनलाई सघन उपचार कक्षमा चिकित्सकीय निगरानीमा राखिएको थियो ।

Kadapilaril Punnoose Yohannan ले बिलिभर्स इस्टर्न चर्चको मेट्रोपोलिटन विशपको रूपमा पनि सेवा गरेका थिए । एक अर्थोडक्स सम्प्रदाय जसले विश्वव्यापी ३.५ मिलियन सदस्यहरूसँग १५,००० चर्चहरू रहेको दावी गरेको छ । उत्तरी अमेरिकाको चर्चको डायोसेस डलासको ५० माईल पूर्वमा अवस्थित विल्स पोइन्ट, टेक्सासमा रहेको जीएफए विश्व मुख्यालयमा आधारित छ। बिलिभर्स चर्चअन्तर्गत ४०० भन्दा बढी चर्चहरु नेपालमा रहेको बताईएको छ ।

बिर्तामोड ४ मा निर्माण गरिएको नेपालकै ब्यवस्थित र ठुलो मानिएको बिलिभर्स चर्च भवन निर्माणका परिकल्पनाकार उनै डा. योहन्ना भएको बताईएको छ । गत महिना मात्र उनी यस चर्चको एक कार्यक्रममा प्रमुख वक्ताको रुपमा सहभागी भएको चर्चका सदस्य वीरु दर्नालले बताए । पुन : नेपाल आउने उनको ईच्छा भने पुरा हुन सकेन । यसैबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले योहन्नाको निधनमा ट्विट गर्दै दुःख ब्यक्त गरेका छन् ।

# माईजोगमाई अध्यक्षकपः माईजोगमाई र देउमाई बिजयी

इलाम(प्रस) । माइजोगमाई गाउँपालिका र देउमाई नगरपालिका दोस्रो माईजोगमाई अध्यक्षकप अन्तरपालिका फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेका छन् । पहिलो क्वाटरफाइनल खेलमा रोङ गाउँपालिकालाई सडनडेथमा हराउँदै माईजोगमाईले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । निर्धारित समयमा दुवै टिमले २-२ गोल गरेका थिए । बराबरी भएपछि निर्णयका लागि पेनाल्टी सुटआउट रोजिएको थियो । पेनाल्टी सुटआउटमा ५-४ गोल अन्तरले माईजोगमाई बिजयी बन्यो । गोलरक्षक सुजन



फागोले रोङको २ वटा प्रहार बचाएका थिए । खेलको सुरुवाती अग्रता रोङले बनाएको थियो । खेलको ३५ औ मिनेटमा सन्दिप राईले गोल गरे । ३९ औ मिनेटमा जोएल राईले खेल बराबरी गरे । दोस्रो हाफमा थप गरिएको २ मिनेटमा दुवै टिमले १-१ गोल गरे । रोङका पवन राई र माईजोगमाईका जोएल राईले गोल गरे । खेलको म्यान अफ दि म्याच माईजोगमाईका गोलरक्षक फागो घोषित भए ।

दोस्रो क्वाटरफाइनल खेलमा ३-१ गोल अन्तरले चुलाचुली गाउँपालिकालाई हराउँदै अन्तिम ४ मा प्रवेश गरेको छ । खेलको १९ औ मिनेटमा सुदर्शन लिम्बूले देउमाईलाई अग्रता दिलाए । ४१ औ मिनेटमा आशिष राईले खेल बराबरी गरे । ४९ औ मिनेट र इन्जुरी समयमा देउमाईका मुकेश मगरले गोल गरे । खेलको म्यान अफ दि म्याच २ गोल गरेका मगर घोषित भए । प्रतियोगिताको तेस्रो क्वाटरफाइनल खेलमा शुक्रबार इलाम नगरपालिका र माङ्सेबुङ गाउँपालिका भिड्ने छन् । इलाम नगरपालिकाले पहिलो प्रि-क्वाटरफाइनल खेलमा सन्दकपुर गाउँपालिकालाई हराएको थियो । चौथो क्वाटरफाइनल खेलमा सूर्योदय नगरपालिका र माई नगरपालिका भिड्नेछन् । सूर्योदय नगरपालिकाले दोस्रो प्रि-क्वाटरफाइनल खेलमा फाकफोथुमलाई हराएको थियो ।

# महेन्द्राको ट्र्याक्टर खरिद गर्दा मिसेकले पाए मोटरसाइकल

बिर्तामोड(प्रस) । महेन्द्रा उत्सवअन्तर्गत ट्र्याक्टर खरिदमा लक्की ड्रमार्फत उपहार प्राप्त गर्नेलाई बिर्तामोडमा उपहार प्रदान गरिएको छ । महेन्द्राको ट्र्याक्टर खरिदमा लक्की ड्रमार्फत उपहार प्राप्त गर्ने पाँचथरको मिक्लाजुङ गाउँपालिका ३ का मिसेक फियाकलाई ८ लाख ३० हजार रुपैयाँ मूल्य बराबरको जावा मोटरसाइकल प्रदान गरिएको हो।

नेपालका लागि महेन्द्राको आधिकारिक बिक्रेता अग्नि इनकर्पोरेटर तथा झापाका लागि आधिकारी बिक्रेता बिर्तामोडको सकुशल



ट्रेडलिंकमार्फत मिसेकले गत दशैंताका ट्र्याक्टर खरिद गरेका थिए । मिसेकलाई महेन्द्राका कन्ट्री मेनेजर रक्सित राय, अग्नि इनकर्पोरेटरका उपनिर्देशक बरदान बस्नेत, अग्निका उपमहाप्रवन्धक प्रत्युस श्रेष्ठ, सकुशल ट्रेडलिंकका सञ्चालक टुकेन्द्रराज अधिकारी, बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, निवर्तमान अध्यक्ष प्रकाश शिवाकोटीलगायतले उपहार प्रदान गरेका थिए ।

महेन्द्रा उत्सवअन्तर्गत लक्की ड्रमार्फत दोलखा चरिकोटको देवकोटा निर्माण सेवालाई महेन्द्राको ३ लाख ५० हजार मूल्य बराबरको जेनेरेटर र बिरगञ्जका अदेश कुमारलाई महेन्द्राको ५ लाख ९५ हजार मूल्य बराबरको इअटो 'टियोयारी' उपहार लक्की ड्रमार्फत उपहार परेको सकुशल ट्रेडलिंकका प्रजित पुरीले जानकारी दिए ।

# झापा गाउँपालिकामा ३४२५ जनालाई सामाजिक सुरक्षा भत्ता

भद्रपुर(प्रस) । झापा गाउँपालिकामा वार्षिक ३ हजार ४ सय २५ जनाले सामाजिक सुरक्षा भत्ता लिने गरेका छन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय



अधिकृत गजेन्द्र थपलियाका अनुसार चालू आर्थिक बर्ष २०८०/०८१ को चौथो त्रैमासिकसम्म सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या ३ हजार ४ सय २५ पुगेको हो । यो संख्या हरेक वर्ष बढ्दै गएको छ ।

नेपाल सरकारले प्रदान गर्ने शीर्षकगत ८ वटा क्लस्टरका १२८२ पुरुष र २१४३ महिलाले सामाजिक सुरक्षा भत्ता लिने गरेका छन् ।गाउँपालिकाका ७ वटा वडाबाट पहिचान गरी पठाइएका जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला, विधवा, पूर्ण अपांगता, अति अशक्त र अपांगता, दलित बालबालिका र लोपोन्मुख समुदायलाई नेपाल सरकारले तोकेबमोजिमको सामाजिक सुरक्षा भत्ता पालिकाले प्रत्येक ३/३ महिनामा बैंकमार्फत उनीहरुकै खातामा हालिदिने गरेको प्रमुख प्रशासकीय अधिकृत थपलियाले जानकारी दिए ।

पालिकाले उपलब्ध गराएको विवरण अनुसार ९१२ पुरुष र ९६२ महिला गरि १८७४ जना जेष्ठ नागरिकले मासिक ४ हजारका दरले जेष्ठ नागरिक भत्ता पाउने गरेका छन् ।

त्यस्तै ६० देखि ६८ वर्ष उमेर समूहका जेष्ठ दलित ५८ पुरुष र ४५ महिला गरी १०३ जनाले मासिक २३६० रुपैयाँ जेष्ठ दलित भत्ता प्राप्त गर्ने गरेको विवरणमा जनाइएको छ ।त्यसैगरी ३२० जना एकल महिला र ५५४ जना विधवा महिलालाई मासिक २६६० का दरले भत्ता उपलब्ध गराउँदै आएको छ भने १३६ जना पूर्ण अपांगता भएका ७३ पुरुष र ६३ जना महिलाले समेत मासिक ३९९० रुपैयाँका दरले अपांगता भत्ता प्राप्त गरिरहेका छन् ।

## नयाँ..

फिर्ता लिएको' भन्ने आधारहीन र संविधानले परिकल्पना पनि नगरेको विषयलाई कपटपूर्ण तवरबाट उल्लेख गरी नयाँ मुख्यमन्त्रीको नियुक्तीको निमित्त दाबी पेश गर्न भएको आह्वान र उक्त आव्हान बमोजिम भएको भनिएको नियुक्ति प्रथम दृष्टिमै गैर-संवैधानिक छ,' रिटमा उल्लेख छ।

'संसदीय व्यवस्थामा संसदले मात्र सरकारको गठन र अन्त्य गर्न सक्ने हुन्छ। प्रदेश प्रमुखले वैशाख २६ गते गर्नुभएको आह्वान संविधानको अतिक्रमण एवं निज प्रदेश प्रमुखलाई नभएको अधिकार र क्षेत्राधिकार प्रयोग गरी भएको स्पष्ट छ,' रिटमा भनिएको छ, 'वैधानिक तवरबाट नियुक्त मुख्यमन्त्री अपदस्त हेतु विपक्षीहरू बीच भएको मध्यरातको गठमेलको आधारमा गरिएको आव्हान संविधानको विल्कुल प्रतिकुल छ।'

## कोशीको...

तर, थापालाई बहुमत पुग्न नदिने रणनीति अनुसार उपसभामुख सिर्जना दनुवारसहित सभामुख र उपसभामुखको अनुपस्थितिमा प्रदेशसभाको बैठक अध्यक्षता गर्ने जिम्मेवारी पाएका एमाले र राप्रपाका अध्यक्ष मण्डलका सदस्यहरुलाई अनुपस्थित गराइयो ।

जसले गर्दा बैठकको अध्यक्षता कांग्रेसका सांसद इस्राइल मन्सुरीले गर्नुपर्ने अवस्था आयो । बैठकको अध्यक्षता गरेका मन्सुरीले पनि थापालाई मत दिएपछि पुनः एमाले नेता कार्की सर्वोच्च गए । सर्वोच्च अदालतले थापाको नियुक्ति बदर गरेर कार्कीको रिट अनुसार संविधानको धारा १६८ को उपधारा ३ अनुसार सबैभन्दा ठूलो दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएपछि उनी २०८० भदौ २२ गते दोस्रो पटक मुख्यमन्त्री बनेका थिए ।

कार्कीले प्रदेशसभाबाट विश्वासको मत पाउन नसक्ने देखेपछि असोज २० गते राजीनामा दिए। त्यसपछि सरकार गठन प्रक्रिया संविधानको धारा १६८ को उपधारा ५ मा धकेलियो । त्यसबेला प्रदेशसभामा बहुमत रहेको काँग्रेस-माओवादी गठबन्धनले माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोलाई मुख्यमन्त्री बनाउने निर्णय गरेको थियो । त्यसविरुद्ध एमाले नेता कार्कीकै योजनामा काँग्रेस सांसद केदार कार्कीसहित ८ जनाले विद्रोह गरे ।

एमालेको समर्थनमा केदार कार्की २०८० असोज २७ गते मुख्यमन्त्री भएकामा सुरुमा एमाले र काँग्रेसको सरकारमा मात्र थियो । तर, कात्तिक १ गते प्रदेशसभाबाट माओवादी र एकीकृत समाजवादीको पनि विश्वासको मत पाएपछि कार्की गठबन्धनमै फर्किए । कार्कीले माओवादी र एकीकृत समाजवादीलाई सरकारमा सामेल गरेपछि एमालेका मन्त्री रामबहादुर मगरले राजीनामा दिएका थिए भने एमाले प्रतिपक्षी बनेको थियो ।

आफ्नै प्रस्तावमा मुख्यमन्त्री भएका केदार कार्कीलाई ७ महिनापछि विस्थापित गर्दै एमाले नेता हिक्मतकुमार कार्की तेस्रो पटक संविधानको धारा १८८ को उपधारा ५ अनुसार नै मुख्यमन्त्री बन्न सफल भए ।

# लायन्स बिर्तामोड लेडीद्वारा विपन्न आमालाई सहयोग

बिर्तामोड(प्रस) । लायन्स क्लब अफ बिर्तामोड लेडीले बिर्तामोडका २० परिवारका विपन्न आमालाई खाद्यान्न तथा फलफूल वितरण गरेको छ ।मातातीर्थ औँशीको अवसरमा बिर्तामोड-५ जात्रुबारीका बिपन्न परिवारका आमाहरुलाई खाद्यान्न, साडी तथा फलफूल वितरण गरेको हो । औँशीको सन्दर्भमा माताहरुलाई सम्मानस्वरुप उक्त सहयोग गरेको लायन्स क्लब अफ बिर्तामोड लेडीकी अध्यक्ष निरु उप्रेती ओलीले जानकारी दिइन्।

### सच्याइएको बारे

यस प्रतिदिन दैनिकको मिति २०८० माघ २६ गते पृष्ठ ४ मा प्रकाशित कुमारी निलोफर बानोको गाडी नं प्रदेश १-०१-०१४ प ३०५४ को TVS कम्पनीको २०० सीसीको APACHE–RTR मोटरसाइकल हरायो भन्ने सूचनामा इन्जिन नं BR1AM2100426 हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

हात्तीपाइले रोगका लक्षणहरू



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल


# भद्रपुरमा लागूऔषध दुर्व्यसनसम्बन्धी गोष्ठी

झापा(प्रस) । झापाको भद्रपुरमा 'लागूऔषध दुर्व्यसन तथा ओसारपसारमा हाम्रो भूमिका' विषयक दुई दिने कार्यक्रम बिहीवारदेखि शुरु भएको छ ।

भद्रपुर नगरपालिकाको सहयोग तथा नारी सञ्चार गृह झापाको आयोजनामा भद्रपुर नगरपालिका वडा नं.-२ र भद्रपुर नगरपालिकामा दुईदिने कार्यशाला गोष्ठी शुरु भएको हो । कार्यक्रमका प्रमुख अतिथि भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले कार्यक्रमको उद्घाटन गरे ।

निरौलाले लागूऔषध दुर्व्यसन र ओसार पसारको अवस्था भयानक बन्दै गएको बताउँदै न्यूनीकरण तथा नियन्त्रणमा सबैले हातेमालो गर्नुपर्ने बताए । दुर्व्यसनले कसैलाई पनि भलो नगर्ने उल्लेख गर्दै निरौलाले कम्तीमा आ-आफ्नो घरमात्रै सुधार गर्दा पनि स्वच्छ समाज निर्माणमा सहयोग पुग्ने बताउँदै सबै सचेत भएर लागूऔषधविरुद्ध उभिन आह्वान गरे ।कार्यक्रममा भद्रपुर



नगरपालिका वडा नं.-२ का वडाध्यक्ष रामबहादुर कँडेलले लागूऔषध दुर्व्यसन र ओसारपसार समस्याका रुपमा देखापरेको बताउँदै नियन्त्रणका लागि सबैले हातेमालो गर्नुपर्नेमा जोड दिए । सो अवसरमा वडा नं. १ का वडाध्यक्ष रामप्रसाद अधिकारीले मुख्य समस्यालाई पहिचान गरेर कार्यक्रम आयोजना गरेको भन्दै खुशी व्यक्त गरे ।

भद्रपुर नगरपालिका वडा नं.१, २ र ३ नं. वडाका टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, आमा समूहमा आवद्ध महिलालगायतको सहभागिता रहेको थियो ।

जिल्ला प्रहरी कार्यालय झापाअन्तर्गत इलाका प्रहरी कार्यालय हल्दिबारीका इन्चार्ज प्रहरी सहायक निरीक्षक ओमराज पौडेलले लागूऔषध प्रयोगको जिल्लाको तुलनात्मक तथ्याङ्कीय अवस्था, कानूनी व्यवस्था, लागूऔषध प्रयोगमा बालबालिका, महिला, युवा तथा वयस्कका अवस्थालगायतका विषयमा सहजीकरण गरेको कार्यक्रममा लागूऔषध दुर्व्यसन के हो ? लागूऔषध दुर्व्यसनका चरणहरु, लागूऔषध सेवनकर्तालाई समाजमा हेर्ने दृष्टिकोण र गरिने व्यवहार, लागूऔषध प्रयोगकर्ताको घरपरिवारमा पर्ने असर तथा व्यक्ति स्वयंलाई हुने असर, लत लागेकालाई खान नपाउँदा हुने असर, प्रयोगकर्तालाई सुधार गर्नका लागि घरपरिवार र समाजले गर्ने व्यवहार, पुनर्स्थापना केन्द्रको आवश्यकता र महत्वलगायतका विषयमा पुनर्जन्म समूह नेपालका राजु गिरीले सहजीकरण गरेका थिए । नारी सञ्चार गृह झापाकी संस्थापक अध्यक्ष सावित्रा दाहाललगायतले समस्याका रुपमा देखिएको लागूऔषध दुर्व्यसन तथा ओसारपसार नियन्त्रणमा समाजको भूमिकालगायतका विषयमा सहजीकरण गरेको बिनिशा शर्माले बताइन् ।नारी सञ्चार गृहकी झापाकी अध्यक्ष रेजिना गौतमको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा स्वागतसहित औचित्यमाथि भीमा शिवाकोटीले प्रकाश पारेकी थिइन् भने कार्यक्रम संयोजक जोस्ना श्रेष्ठले सञ्चालन गरेको सञ्जु शिवाकोटीले जानकारी दिइन् ।

पूर्व अध्यक्ष अम्बिका भण्डारीसहितको उपस्थिति रहेको कार्यक्रमको सगरमाथा माविका प्रधानाध्यापक डम्बर खनाल, हिमाली टोल विकास संस्था भद्रपुर-१ की अध्यक्ष निलिमा खनाल,चन्द्र सूर्य टोल विकास संस्थाका सचिव देवराज श्रेष्ठलगायतले कार्यशाला गोष्ठी उपलब्धिमुलक रहेको प्रतिक्रिया दिँदै आगामी दिनमा योजनामा समेटेर कार्यक्रम तय गर्न वडा तथा नगरपालिकासमक्ष आग्रह गरेका थिए ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आमाप्रतिको माया

वेदमा आमालाई पृथ्वी र पृथ्वीलाई आमा स्वीकार गरिएको छ । ऋग्वेदमा भनिएको छ, माता पृथिवी महीयम् । अर्थात् विशाल पृथिवी हाम्री आमा हुन् । यसको आसय अथर्ववेदको यस मन्त्रले थप स्पष्ट पार्छ– 'माता भूमिः पुत्रो अहं पृथिव्या ।' अर्थात्, 'धर्ती आमा हुन्, म धर्तीको छोरो हुँ ।' यो भनेको धर्तीप्रतिको श्रद्धामात्र होइन, आमाप्रतिको सम्मान हो । यसरी धर्ती आमा र आमा धर्ती हुन् भन्ने गरी मन्त्रहरू बनाइएका छन् ।

हाम्रो सनातन संस्कृतिमा आमालाई सबैभन्दा पहिलो स्थानमा राखिँदै आएको छ । आमालाई अतुल्य नाताको रूपमा स्वीकार र सम्मान गरिएको छ । यदि कहीं कसैसँग तुलना भएको छ भने त्यो पृथिवी हो । पृथिवी र आमालाई प्रायः समान श्रेणीमा राखिएको छ । आमा बन्ने सामर्थ्य राख्ने भएको हुनाले सिंगो नारी जातिलाई मातृ शक्तिको रूपमा स्वीकार र सम्मान गरिएको छ ।

नारीलाई मातृशक्तिका रूपमा सम्मान गरिने अनेकौं पर्वहरू हिन्दू सनातन समाजमा प्रचलित छन् । हिन्दू धर्मशास्त्रहरूमा र हिन्दू सनातन संस्कृतिमा दिन गन्ने हो भने नारी सम्बद्ध पर्वहरूको बाहुल्य छ । सरस्वती पूजा, स्वस्थानी व्रत कथा, दशैं, लक्ष्मी पूजा, सोह्र श्राद्धका बीचको मातृ नवमी र मातातीर्थ अमावस्या, जसलाई आमा औँसी, आमाको मुख हेर्ने औँसी आदि भनेर चिनिन्छ ।

माता तीर्थ औँशीका दिन आमा जीवित भएका सन्तानले आमाको सम्मान/पूजा गर्ने, सुख र स्वास्थ्यको कामना गर्ने, आमाको सुखसुविधाको ख्याल गर्ने र ख्याल गरिरहन सम्झाउने दिन हो । आमा जीवित नहुनेहरूले आमाका योगदानहरूको श्रद्धापूर्वक स्मरण गर्ने, दिवंगत आमाप्रति कृतज्ञता व्यक्त गर्ने, आफ्ना सन्तानलाई आमाको सत्कर्म र मानिसको जीवनमा आमाको महत्वको परिचर्चा गर्ने हो । आमाको सम्मान र सम्झनामा संसारका आमाहरूको सम्मानप्रति प्रतिबद्ध हुँदै ज्येष्ठ, अशक्त, अभावमा रहेका, अस्वस्थ मातृशक्तिलाई सक्दो सहयोग तथा अभिनन्दन सम्मान गर्ने अवसर हो । माता तीर्थ औंशीका दिन फोटो पोष्ट्याउने र अरु दिन आमालाई वास्तै नगर्ने चलन हाम्रो समाजमा छ । आमाको महिमालाई सामाजिक संजालमा देखाएर नघटाऔं । आफूसंगै घरमा राखेर स्याहार सुसार गरौं ।

यसरी धेरैथरि नाता सम्बन्धका नारीहरूलाई अति उच्च सम्मानको श्रेणीमा राखिएको त छ नै प्रायः सबै शुभकार्यमा षोडशमातृकाको पूजा हुन्छ । हाम्रो आफ्नो मौलिक पारम्परिक संस्कृतिका यी पक्षहरूलाई आत्मसात गर्न आवश्यक छ । नारीप्रतिको सम्मानको परम्परालाई थप विस्तार गर्दै पुस्तान्तरण गर्न आवश्यक छ । यी विषयहरू ओझेल पर्दै जाँदा बाहिरका घटना तथा चर्चा सुनेर असल र नारी सम्मानको मौलिक र समृद्ध संस्कृति हराउँदै जानसक्छ । अतः नारी शक्तिलाई महत्व दिइने पर्वहरू मनाउँदा विद्यमान विभेदकारी व्यवहारका विरुद्ध सङ्कल्प गर्नु यो मातातीर्थ पर्वको मूल सन्देश हो ।




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# भूउपयोग गुरुयोजनाको प्रभाव



• डा. ठाकुरप्रसाद भट्ट

विकासबारे बहस गर्दा भुल्नै नहुने विषय हो - भूउपयोग गुरुयोजना । अझ हाम्रो जस्तो भौगोलिक जटिलता र विविधता भएको देशको विकासका लागि त यो झन् आवश्यक विषय हो तर विकासका लागि मूल आधार बनाउनु पर्ने यही विषयबारे सही सोच, स्पष्ट अवधारणा र ठोस योजना नहुँदा अनेकखाले समस्या आइपरेका छन् भने राज्यको सीमित स्रोतसाधनको चरम दुरुपयोग भइरहेको छ । वास्तवमा भूउपयोग गुरुयोजनाबिना गरिने विकास विनाश बनिरहेको छ । अब पनि विगतबाट पाठ सिकेर भूउपयोग गुरुयोजनाको अवधारणालाई व्यवहारमा नउतार्ने हो भने थप विनाश त बेहोर्नै पर्छ । हामीले हासिल गर्न राखेका सामाजिक आर्थिक विकासका लक्ष्य पनि कहिल्यै पूरा हुने छैनन् । सोचमा स्पष्टता र कार्यान्वयनमा प्रतिबद्धता नहुँदा भूउपयोग गुरुयोजनाको प्रक्रियामा नै प्रवेश हुन सकिरहेको छैन । अल्पकालीन लाभ र सस्तो राजनीतिक लोकप्रियताको लोभमा देशले दीर्घकालीन समस्या भोगिरहनु परेको छ । कहिलेकाहीं समस्याको चापले बनाइएका भूउपयोग नीति कागजमा मात्र सीमित छ भने यो समस्यालाई स्थानीय तहहरूमा पन्छाइदिएर उम्कने काम भइरहेको प्रतीत हुन्छ । यो खालको अकर्मण्यतालाई तोडेर विकासको पहिलो आधार भूउपयोग गुरुयोजना नबनाएसम्म हाम्रो कुनै पनि विकास प्रभावकारी हुन नसक्ने देखिएको छ ।

सीमित स्रोतसाधनको अधिकतम उपयोग तथा परिचालन गरी अधिकतम लाभ लिनु अर्थशास्त्रको स्थापित मान्यता हो । विकास योजान पद्धति यही मान्यताले निर्देशित छ । अझ थप पक्ष, योजना पद्धतिले सामाजिक न्यायको सिद्धान्त परिचालित गरी स्रोतसाधानमा सबैको पहुँच र सीमान्तकृतलाई विशेष प्राथमिकता दिने उद्देश्य राखेको हुन्छ । यसै उद्देश्यका लागि भूउपयोग गुरुयोजनामा योजनाविद्, भूगोलविद्, विकासविद्, अर्थशास्त्री, समाज तथा मानव शास्त्री, बस्ती विकासका विज्ञको सहभागिता जरुरी हुन्छ । यसरी समग्र ज्ञान र सिपको सङ्गमबाट बनेको भूउपयोग गुरुयोजना सर्वाङ्गीण, दिगो र सामाजिक न्यायसहितको विकासको आधार बन्न सक्छ ।

भूउपयोग गुरुयोजना कार्यान्वयन नहुँदा एउटा गम्भीर विसङ्गति भनेको देशव्यापी जथाभावी बनेका सडक हुन् । सडकहरू यति बनेका छन् कि तिनको रेकर्डसमेत सरकारलाई छैन, मर्मत सम्भार त परको कुरो भएको छ । धेरै सडक त वर्षाको समयमा चल्दैनन् । दसैं आउन लाग्दा काम चलाउ बनाइने गरेका छन्, जुन वर्षा नलाग्दासम्म मुस्किलले चल्ने गर्छन् तर पनि यो सुविधा निजी र भाडाका गाडी लिनेलाई मात्र भएको छ, सर्वसाधारणका लागि सार्वजनिक यातायात सेवा कमै सडकमा पाइन्छ । वैज्ञानिक भूउपयोग गुरुयोजनाको आधारमा सडक सञ्जालको विकास नगरी पहुँच र सस्तो लोकप्रियताको आधारमा जथाभावी सडक निर्माण गर्दा राज्यको सीमित स्रोतसाधनको मितव्ययी व्यवस्थापन हुन सकेको छैन भने यसले विविध वातावरणीय हानि पनि भइरहेको छ । यसले गर्दा दीर्घकालीन मर्मतसम्भार र सञ्चालनको पक्ष कमजोर छ, जसले गर्दा सडक छ तर सेवा छैन भन्ने तितो अवस्था बनेको छ । सडक सञ्जालसँग नै अन्य आर्थिक, सामाजिक विकास र सेवा प्रवाहको सुविधा निर्भर रहेको हुन्छ । यही तालमेल नमिलेका कारण सडक पुगे पनि हाम्रा ग्रामीण भेगबाट बसाइँसराइ नरोकिनु एउटा कारण हुन सक्छ । तिनै तहका सरकारबाट सबैभन्दा बढी बजेट राखिने क्षेत्र पनि सडक रहेको छ, जसले गर्दा शिक्षा, स्वास्थ्य, कृषि, उद्योग जस्ता विषयमा लगानी कम हुन पुगेको छ । यसको अर्थ सडकहरू निर्माण गरिनु हुँदैन भन्ने होइन, गरिनु पर्छ तर त्यो वैज्ञानिक भूउपयोग गुरुयोजनाको आधारमा सन्तुलित तवरमा र समग्र सामाजिक आर्थिक विकाससँग जोडेर मात्र गरिनु पर्छ भन्ने हो ।

भूउपयोग गुरुयोजनाको अवधारणाको पालना नगर्दा हुन गइरहेको अर्को गम्भीर समस्या भनेको कृषियोग्य जमिनको विनाश हुनु हो । यसको परिणाम कृषियोग्य जमिनमा अव्यवस्थित तवरमा सडक र बस्तीहरू फैलिरहेका छन् भने बस्ती बसाल्न उपयुक्त जमिन उपयोगविहीन अवस्थामा छन् । यसको एउटा दृष्टान्त मध्यपहाडस्थित लमजुङको राइनास क्षेत्रलाई लिन सकिन्छ । यहाँ सरकारले ठुलो लगानी गरी कृषियोग्य जमिनमा सिँचाइका लागि नहर बनाएको छ । यसै सुविधाका कारण किसानहरूले वार्षिक तीन बाली खेती पनि गरे तर अहिले आएर नहर मुनिको सिँचाइयोग्य फाँट र टारमा जथाभावी सडक निर्माण र बस्ती फैलिने काम भइरहेको छ । नहरमाथिको सिँचाइ नहुने भागका बस्ती नहरमुनिको खेतीयोग्य भागतर्फ सरिरहेका छन् । यस्ता उदाहरण नेपालभरि सर्वत्र पाउन सकिन्छ । वास्तवमा भूउपयोग गुरुयोजनाबिना गरिने हचुवा विकासले कृषियोग्य जमिनको विनाश गरिरहेको छ भने बस्तीयोग्य जमिन उपयोगविहीन अवस्थामा परिरहेको छ ।

सहरी क्षेत्र र तराईका भागमा पनि भूउपयोग गुरुयोजनाबिना गरिएका पूर्वाधार र बस्ती विकासका कामले पारेका नकारात्मक असर देख्न पाइन्छ । सहरमा फोहोर व्यवस्थापन र ढल निकासको समस्या बढ्दै गएको छ भने खुला र मनोरञ्जनका स्थल नासिँदै गएका छन् । तराईका नदी किनारमा बस्ती बस्नाले र ढल निकासको प्रबन्धबिनाको सहरीकरणले डुबानको समस्या बर्सेनि बढ्दै गएको छ । उता पहाडतर्फ जथाभावी सडक निर्माण गर्नाले बाढीपहिरोको समस्या बढ्दो छ । यस्ता समस्याको कारण खोज्न र समाधानतर्फ नलागी हामी पुरानै ढङ्गबाट विकास निर्माणका काम गरिरहेका छौं । बाढी, पहिरो र डुबानबाट हुने मानव क्षति र तिनको रोकथामका लागि गरिने अवैज्ञानिक शैलीले राज्यको ठुलो धनराशि खेर गइरहेको छ ।

भौतिक पूर्वाधारको क्षेत्रमा मात्र भूउपयोग गुरुयोजना आवश्यक पर्ने होइन । यसको आवश्यकता सामाजिक, आर्थिक विकासका समग्र पक्षमा रहन्छ । भूउपयोग गुरुयोजनाको आधारमा समग्र विकासलाई नजोडेसम्म हाम्रा विकासका लक्ष्य पूरा हुन सक्दैनन् । उदाहरणका लागि हाम्रो विकास लक्ष्य र दिगो विकासको लक्ष्य अनुसार स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने गरी परिवारको पहुँचको लक्ष्य राखिएको छ । त्यसै गरी शिक्षा, खानेपानी तथा सरसफाइमा पहुँचका लागि उच्च शत प्रतिशत वा हाराहारीका लक्ष्यहरू राखिएका छन् । पूर्ण साक्षरताको लक्ष्य राखेको पनि धेरै भइसक्यो तर पनि सेवा प्रवाहका यी क्षेत्रमा पूर्णता पाउन हाम्रो भौगोलिक विकटता र छरिएको बस्ती प्रणालीले साथ दिइरहेको छैन । जति सेवा दिइएको छ, त्यसका लागि लागत उच्च छ तर यही काम भूउपयोग गुरुयोजनाको आधारमा एकीकृत बस्ती बसाली गर्ने हो भने सम्भव हुने छ । साथै यसो गर्दा सामाजिक सेवाहरूको समानोचित वितरण पनि हुने छ । जब बस्तीहरू एकीकृत र सघन हुने छन् तब बजारको विकास भई आर्थिक क्रियाकलापमा पनि बिस्तार हुने छ । अतः छरिएका बस्ती र तिनमा पुर्‍याइने पूर्वाधारका काम र सेवामूलक काम महँगा मात्र भइरहेका छैनन्, यी सेवामा सबैको न्यायोचित पहँच करिब असम्भव जस्तै बनिरहेको छ । यसको दीर्घकालीन र दिगो समाधानका लागि भूउपयोग गुरुयोजना अनिवार्य बन्नु पर्छ ।

सरकारका तर्फबाट विगतमा भूउपयोगसम्बन्धी नीति, ऐन तथा नियमावली बने पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । राष्ट्रिय भूउपयोग नीति, २०६९ बनेको धेरै समय पछि भूउपयोग ऐन, २०७६ र भूउपयोग नियामावली, २०७९ बने पनि यिनको कार्यान्वयनका लागि ठोस योजना बनेर काम हुन सकिरहेको छैन । खास गरी भूउपयोग गुरुयोजनाको सोच र अवधारणामा स्पष्टता र प्रतिबद्धताको अभावमा यी ऐन नियमले भूमिको वर्गीकरणमा मात्र जोड दिएको प्रतीत हुन्छ । फलस्वरूप भूउपयोग गुरुयोजनालाई समग्र विकासको आधारको रूपमा आत्मसात् गरी तद्नुरूप काम हुन नसक्दा यी ऐन, नियमको कार्यान्वयन हुन सकेको छैन । यस्तै सोचको अभावमा २०४२ सालमा नै सञ्चालित भूमि स्रोत नक्सा तथा यससम्बन्धी प्राविधिक प्रतिवेदनहरूलाई विकाससँग जोडेर उपयोग गर्ने काम हुन सकेन ।

तसर्थ, यहाँ ऐन, नियमहरू बनाउनु मात्र पर्याप्त हुँदैन । यिनको कार्यान्वयनका लागि जवाफदेहितासहितको ठोस योजना, संस्थागत क्षमता र स्रोतसाधनको सुनिश्चितता गर्नु अनिवार्य हुन्छ । भूउपयोग गुरुयोजना बहुपक्षीय र बहुक्षेत्रगत विषय भएकाले यसका लागि कुनै एक मन्त्रालयलाई मात्र जिम्मेवारी दिएर पुग्दैन । राष्ट्रिय योजना आयोग वा प्रदेश स्तरीय योजना आयोगहरू अन्तर्गत सुदृढ संस्थाहरूको स्थापन गरिनु पर्छ ।

त्यसै गरी प्रधानमन्त्री र मुख्यमन्त्रीहरूको नेतृत्व र समन्वयमा सबै क्षेत्रगत मन्त्रालयलाई विकासका लागि भूउपयोग गुरुयोजनालाई पहिलो आधार बनाउने गरी जवाफदेही बनाएर अगाडि बढ्न जरुरी छ । यसो गर्न सके मात्र हामी हचुवा र अवैज्ञानिक योजना तथा विकासको असफल दुष्चक्रबाट मुक्त हुन सक्छौं ।

# वातावरणीय प्रदूषणका असर



• डा. देवराज अर्याल

विश्वव्यापी चासोका रूपमा रहेको जलवायु परिवर्तन र वातावरणीय प्रदूषणको मुद्दा नेपालका लागि गम्भीर चुनौतीको विषय बनेको छ । वातावरणीय प्रदूषणले पार्ने गहिरो असर र प्रभावको प्रतिविम्ब नेपालका विभिन्न भौगोलिक क्षेत्रमा नाटकीय रूपमा देखा पर्न थालिसकेको छ । विशेष गरी नेपालका हिमाच्छादित क्षेत्रमा हिँउको मात्रा पग्लिँदै गएर सेता हिमाल कालो अनुहारमा देखिन थालेका छन् भने त्यसको बदलामा हिमतालको संख्या अप्रत्याशित रूपमा वृद्धि हुँदै गएको छ ।

यति मात्र होइन, नेपालको उत्तरतर्फको हिमाली क्षेत्रमा हिमतालको आकार र क्षेत्रफल पनि क्रमिक रूपमा विस्तारित हुन पुगेको छ । हिमतालको सङ्ख्या र आकारमा आएको फैलावटसँगै कुनै पनि हिमताल आकस्मिक रूपमा विस्फोट हुन सक्ने जोखिम बढेको छ । यसै गरी पहाडी भूगोल र धरातल दिनप्रतिदिन क्षयीकरणको प्रकोपमा परी थप उजाड बन्दै गएका छन् । यता तराई प्रदेशका उर्वर जमिन सुक्खड बन्दै गएका छन् । यहाँनेर उल्लेखनीय पक्ष के छ भने वातावरणीय प्रदूषणका कारण धरातलीय संरचनामा देखा परेको ह्रास र बदलावसँगै मानवीय बस्ती, जैविक समुदाय र पारिस्थितिक प्रणालीमा समेत गम्भीर क्षति हुन पुगेको छ ।

विश्व परिप्रेक्ष्यमा अध्ययन गर्ने हो भने जलवायु परिवर्तनका कारण अहिले दुई अर्ब हेक्टरभन्दा बढी जमिन क्षय भएको छ । यसै गरी सन् २००० भन्दायता विश्वमा खडेरीको सङ्ख्या र यसको अवधि २९ प्रतिशतले बढेको तथ्याङ्क सार्वजनिक भएको छ । यसको अर्थ अत्यधिक तातोका कारण भूमिको क्षयीकरण, मरुभूमीकरण र खडेरीको मात्रा अप्रत्याशित रूपमा वृद्धि भयो भन्ने हो । जसको परिणामस्वरूप १० लाखभन्दा बढी वनस्पति, जनावर र अन्य जीवित अवयव मेटिने जोखिममा छन् ।

दूषित हावा र रासायनिक प्रदूषणले गर्दा हाम्रो भूमि, समुद्र र स्वास्थ्यलाई अत्यधिक मात्रामा खतरामा पारेको छ । यसै गरी विभिन्न प्रकारका इकोसिस्टम सङ्कटमा पर्दै गएका छन् । विशेष गरी जङ्गल, खेतबारी, घाँसे मैदान, नदीताल, महासागर, सवाना र पहाडको पारिस्थितिक प्रणाली उच्च जोखिममा छन् । यद्यपि वातावरणीय क्षति र जोखिमको मात्रा जुन रफ्तारमा चुलिँदै गएको छ, त्यसको तुलनामा वातावरणीय सचेतना र वातावरण संरक्षणका प्रयत्न कछुवाको गतिमा घस्रिरहेका छन् ।

अहिलेको वातावरणीय समस्या भनेको जलवायु परिवर्तनको एउटा उपक्रम हो । तथापि वातावरणीय समस्या उत्पन्न हुनुमा प्रकृति मात्र कारकका रूपमा रहेको छैन । मानवीय गतिविधि र व्यवहार पनि त्यत्तिकै जिम्मेवार छ । जसको ज्वलन्त दृष्टान्तका रूपमा विश्वव्यापी उष्णतामा आएको वृद्धिलाई लिन सकिन्छ । यही विश्वव्यापी उष्णतालाई जलवायु परिवर्तनको भाषामा ग्लोबल वार्मिङ भनिन्छ । आज आर्थिक समृद्धिका लागि अत्यधिक मात्रामा कार्बनजन्य पदार्थको उपभोग गर्दा ग्लोबल वार्मिङको मात्रा उल्लेखनीय बिन्दुमा देखिएको छ ।

यसमा जीवाश्म इन्धन-कोइला, तेल र ग्यासको बढी भूमिका रहेको छ । उल्लिखित इन्धनको प्रयोग र उपभोगले आजको विश्वमा हरितगृह ग्यास उत्सर्जनको ७५ प्रतिशत र सबै कार्बनडाइअक्साइड उत्सर्जनको लगभग ९० प्रतिशत योगदान गरिरहेका छन् । यस कार्यमा प्रत्यक्ष भूमिका मानवीय, गतिविधि र व्यवहारको छ । मानिसबाटै वातावरण र सिङ्गो पृथ्वीमाथि पर्न गएको जोखिमको अवस्थाबाट पार लगाउनुपर्ने हुन्छ ।

संयुक्त राष्ट्रसंघको वातावरणीय कार्यक्रमको सिद्धान्त अनुसार "मानिसले गर्ने हरेक कार्य, चाहे त्यो सानो होस् वा ठूलो, पृथ्वीका लागि ज्यादै महत्वपूर्ण हुन्छ ।" त्यसको भएको हुँदा पृथ्वी, वातावरण, मानव, वनस्पति, जनावर र अन्य जैविक विविधताको संरक्षणका लागि सबैले आ-आफ्नो तहबाट केही न केही सकारात्मक कामको थालनी गर्नुपर्ने बेला आएको छ ।

यस कार्यमा सबैभन्दा बढी भूमिका विकसित र ठुला देशको हुने गर्दछ । अत्यधिक मात्रामा कार्बन उत्सर्जन गर्ने मापदण्डको आधारमा निर्णय गर्दा पनि सर्वाधिक दायित्व र जिम्मेवारी विकसित देशको नै हुन्छ । तथापि पृथ्वीको सदस्य भएको नाताले सामान्य नागरिकले पनि आफ्नो तहबाट गर्न सक्ने भूमिकालाई दायित्वकै रूपमा आत्ससात् गरेर केही न केही काम गर्नुपर्ने बेला आएको छ । अन्यथा भोलिको दिनमा पृथ्वी, मानव र जैविक विविधतामा आइपर्न सक्ने अस्तित्व रक्षाको सङ्कटबाट कोही पनि मुक्त हुन सक्दैन ।

जलवायु परिवर्तनले सिर्जना गर्ने विपत्ति, प्रकृतिको नोक्सानी र हावा, पानी र माटोलगायतका क्षेत्रमा भइरहेका घातक प्रदूषण सर्वाधिक हानिकारक छन् । यसबाट जोगिन कार्बन उत्सर्जनको मात्रामा जसरी पनि न्यूनीकरण गर्नुपर्ने हुन्छ । यसका लागि अपनाउनुपर्ने आजको महत्वपूर्ण रणनीति भनेको जनचेतना अभिवृद्धि नै हो । जनचेतना अभिवृद्धिका लागि विकास सञ्चारको सिद्धान्त परिपालना गर्नुपर्ने हुन्छ ।

यहाँनेर विकास सञ्चार भनेको सकारात्मक सामाजिक परिवर्तन र दिगो विकासको उद्देश्य हासिल गर्न मिडिया (छापा, रेडियो, टेलिभिजन, अनलाइन) वा शिक्षा (विद्यालय शिक्षा, साक्षरता, प्रशिक्षण) सँग व्यवस्थित वा रणनीतिक रूपमा हस्तक्षेप गर्ने प्रक्रिया हो । मिडिया र शिक्षा क्षेत्रमा प्रयोग गरिने यस्ता रणनीतिले दिगो विकासको पक्षमा जनमत निर्माण गर्न चामत्कारिक आधार प्रदान गर्ने गर्दछ । त्यसो भएको हुनाले वातावरणीय चेतना र जलवायु प्रदूषणविरुद्ध जनचेतनाको स्तर अभिवृद्धि गर्न पनि विकास सञ्चारको मोडल कार्यान्वयनमा ल्याउन वाञ्छनीय हुन्छ ।

वातावरणीय क्षेत्रमा सकारात्मक प्रयासको थालनी गर्दा सानोभन्दा सानो कामलाई प्राथमिकतामा राख्दा पनि त्यसको प्रतिफल अर्थपूर्ण हुन्छ । उदाहरणका रूपमा प्लास्टिक र प्लास्टिकजन्य वस्तुको प्रयोगलाई न्यूनीकरण गर्ने नै लिन सक्छ । अहिले विश्वमा प्लास्टिक र प्लास्टिकजन्य वस्तुको उत्पादन, उपभोग र प्रयोगको कारणले गर्दा हाम्रो पृथ्वीमा प्लास्टिकरूपी विशाल पहाड खडा भएको छ । प्लास्टिक जमिन याने कि 'पृथ्वी' प्रदूषणको सबैभन्दा प्रमुख कारण हो । प्लास्टिक आफैँमा नकुहिने फोहोर भएको हुनाले यसको असर माटोको उर्वरा शक्तिमा पर्ने त रहन्छ नै, त्योभन्दा पनि गम्भीर प्रभाव सम्बन्धित जमिनको इकोसिस्टम समाप्त हुन पुग्छ । आज विश्वका धेरै जमिन इकोसिस्टम जोखिमको दोसाँधमा रहेका छन् । हुन त २०२४ मा प्लास्टिकका वस्तुको प्रयोगमा रोक लगाउने एजेन्डामा विश्वका देश सहमत भएका हुन् । तथापि यसलाई पूर्णतः विस्थापित गर्नेतर्फ ठोस पहल हुन सकेको छैन । कम्तीमा प्रयोगकर्ताका रूपमा सर्वसाधारण नागरिकले यस विषयमा आफूलाई जानकार बनाई तदनुरूपको अभ्यास विकास गर्न सक्यो भने पनि यस क्षेत्रमा महत्वपूर्ण प्रतिफल प्राप्ति हुने छ । यसका लागि पनि विकास सञ्चारको आवश्यकता परेको हो ।

पछिल्लो समयमा हाम्रो वायुमण्डल अप्रत्याशित मात्रामा प्रदूषित भइरहेको छ । वायुमण्डल प्रदूषित भएका कारण हाम्रो वरपरको वातावरण फोहोर हावाको अभिशरणको चक्रमा फस्न पुगेको छ । राष्ट्रसङ्घको अध्ययन अनुसार अहिले विश्वमा वायुमण्डलीय प्रदूषणका कारण अहिले विश्वको ९९ प्रतिशतभन्दा बढी जनसङ्ख्याले असुरक्षित सास फेर्न बाध्य भइरहेको छ । जसका कारण प्रत्येक वर्ष सात मिलियन मानिसको अकालमा मृत्यु हुने गरेको छ । फोहोर हावाको कारणले गर्दा मुटु, फोक्सोमा विभिन्न प्रकारका रोगका साथसाथै क्यान्सर र स्ट्रोकसमेत हुने गरेको अध्ययनमा देखिएको छ ।

साथसाथै वायुप्रदूषणको कारणले गर्दा प्राकृतिक वातावरणमा पनि उत्तिकै हानि पुर्‍याउने गरेको छ । हाम्रा नदीनाला, महासागरमा अक्सिजनको आपूर्ति घटाउने, बोटबिरुवालाई हुर्कन र बढन गाह्रो बनाउने तथा अन्य जलवायु सङ्कटमा विशेष योगदान पुर्‍याउने काम वायुप्रदूषणको कारणले भइरहेको छ । यस सवालमा कम्तीमा नागरिकको तहबाट सचेतनासहितको आवाज उठ्न सक्यो भने नियन्त्रणको अभियानका निश्चित रूपमा योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ ।

नागरिकको तहबाट गर्न सकिने अर्को सरल काम भनेको वृक्षरोपण, बोटबिरुवाको संरक्षण र सुरक्षण हो । पर्यावरणीय सन्तुलनको सन्दर्भमा बोट, बिरुवा र रुखहरूसँग अपार क्षमता रहेको हुन्छ । पहिलो काम त यिनीहरूले वायुमण्डलबाट आउने कार्बनलगायत विभिन्न प्रकारका पदार्थको अवशोषण गर्दछन् । यसै गरी पृथ्वीमा रहेको माटोको सुरक्षा गर्ने र माटोलाई उर्वरक बनाउने काम पनि यिनीहरूको केन्द्रीय भूमिका रहेको हुन्छ ।

यति मात्र होइन, विभिन्न प्रकारका जनावर, चरा, सरिसृप र जीवलाई आश्रय दिन्छन् । यसै गरी क्षतिग्रस्त इकोसिस्टमलाई पुनर्स्थापना गर्न पनि रुख, बोटबिरुवाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सतही रूपमा विश्लेषण गर्दा रुख, बोटबिरुवाको भूमिका हामीलाई सामान्य जस्तो लाग्नु स्वाभाविक हो । वातावरण सङ्कटमा परेको वर्तमान समयमा अलिकति मात्र पनि वृक्षरोपण, संरक्षण र सुरक्षण कार्यमा काम गर्न सकियो भने त्यसले दिने फाइदा बहुमूल्य छ ।

संयुक्त राष्ट्रसंघको वातावरणीय कार्यक्रमले नीतिगत मापदण्ड र आधार तर्जुमा गरेको छ । यो पक्षलाई नागरिकको तहबाट पनि त्यत्तिकै गम्भीरताका साथ परिपालना गर्नु आवश्यक छ । त्योभन्दा पनि महत्वपूर्ण कुरा भनेको नागरिकले वातावरणीय समस्याको विषयमा सचेत भई कार्बन उत्सर्जनका कारक देश, उद्योग र संस्थालाई निरन्तर खबरदारी गर्नु आवश्यक छ । आजको सन्दर्भमा वातावरण र जलवायु प्रदूषणको सवाल यत्तिमै सीमित रहेको छैन, यसको साइड इफेक्ट अर्थ, राजनीति र सामाजिक क्षेत्रसँग पनि प्रत्यक्ष रूपमा जोडिन पुगिसकेको छ । वातावरणीय प्रदूषणको गम्भीरताप्रति मानसिक रूपमा नै प्रोएक्टिभ भएर लाग्नुपर्ने बेला आएको छ ।

# सहकारी सुशासनका सवाल



• प्रकाश अधिकारी

उस्तै उद्देश्य र हैसियत भएका व्यक्तिले एकआपसमा आर्थिक परनिर्भरता सुल्झाउन सहकार्य गर्ने संस्था स्थापना गर्नु सहकारी हो । सहकारी सदस्यकेन्द्रित व्यवसाय हो । त्यसैले यसको नियन्त्रण तथा सञ्चालनको भार प्रत्येक सदस्यमा रहन्छ ।

अन्तर्राष्ट्रिय सहकारी महासंघअनुसार सहकारी त्यस्ता व्यक्तिको स्वायत्त संगठन हो, जो संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसायमार्फत स्वेच्छिक रूपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षाको परिपूर्ति गर्न चाहन्छन् ।

संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ' भनी सहकारी संस्थालाई संवैधानिक मान्यता दिई यसको महत्वलाई उजागर गरिएको छ ।

संविधान जारी भएपछिको चौधौं पञ्चवर्षीय योजनामा समष्टिगत आर्थिक नीतिमा सहकारीलाई पनि समेटिएको छ । सहकारीले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजी एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने अपेक्षा राखिएको छ । चालु आर्थिक वर्षमा समापन हुने पन्ध्रौं पञ्चवर्षीय योजनामा सहकारीलाई विपन्न ग्रामीण समुदायसम्म विस्तार गर्ने र संविधानले निर्दिष्ट गरेअनुसार समृद्धिको आधारका रूपमा स्थापित गर्न चुनौती रहेको उल्लेख छ । योजनाको आधार वर्ष २०७५-७६ मा प्रारम्भिक सहकारी संस्थामा करिब ६६ लाख सदस्य रहेकामा महिलाको प्रतिशत ५१ र सञ्चालकमा महिला सहभागिता ४० प्रतिशत थियो । योजनाको समापन वर्षमा सहकारीमार्फत परिचालित पुँजी ८६ अर्ब, बचत ३८४ अर्ब र ऋण परिचालन ३९३ अर्ब पुग्ने अनुमान छ । यसका लागि सहकारी मूल्य र सिद्धान्तको अनुशरण, पारस्परिकता, संस्कार विकास तथा सुशासन कायम भएको हुनुपर्नेछ ।

सहकारी संस्थाले आर्थिक क्रियाकलापका अतिरिक्त सामाजिक विकासका कार्यसमेत गरेको पाइन्छ । सामान्यतः वित्तीय संस्थाहरूले अधिकतम नाफा आर्जन हुने हिसाबमा वित्तीय व्यवस्थापन गर्छन् भने सहकारीले संस्थाको दिगोपनका साथसाथै सदस्यको सर्वोपरि हितलाई ध्यानमा राखी वित्तीय व्यवस्थापन गर्नुपर्छ । सहकारी सदस्यहरूमा सीमित रही निक्षेप स्वीकार गर्ने र कर्जा दिनेलगायतका बैंकिङ पद्धतिका कारोबारसमेत गर्न सक्ने गरी कार्यविधि र प्रक्रिया कानुनमा व्यवस्था गरिए पनि निक्षेप स्वीकार र ऋण प्रवाहमा के कति ब्याज लिनेदिने भन्ने सम्बन्धमा कानुन मौन छ । यसमा पचली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडविरुद्ध रवीन्द्रमान मल्लको मुद्दामा ब्याज र धितोमार्फत गरिने ऋण असुलीका सम्बन्धमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या मार्गदर्शन हुने देखिन्छ ।

उल्लिखित मुद्दामा भएको फैसलाअनुसार सहकारी संस्थाले सदस्यबीच विश्वास र आवश्यकताका आधारमा प्रदान गरिएको ऋणबाहेक अन्य ठूला प्रकृतिका ऋणमा सामान्यतया ऋण प्रवाह गर्दा नै धितोले खाम्ने गरी मात्र ऋण प्रवाह गर्नुपर्छ र राखिएको धितोबाट लिलामी गरी सोहीबाट ऋण असुल गर्नुपर्छ । धितोले नखामेमा जुन व्यवसाय गरिएको हो, सोहीबाट वा अन्य जायजेथाबाट उक्त ऋण असुली हुन सक्ने भए सोही प्रक्रियामा जानुपर्ने देखिन्छ । सहकारीमा जेथा राखिएको सम्पत्तिबाट ऋण असुली नभएमा ऋण असुली न्यायाधिकरणको प्रक्रियाबाट वा अन्य त्यस्तै प्रक्रियाबाट असुलउपर गर्ने व्यवस्था नभएकाले अन्य न्यायिक प्रक्रिया अवलम्बन गर्नुपर्छ । त्यस्तो अवस्थामा लेनदेन व्यवहारअन्तर्गत नियमित अदालत प्रवेश गर्ने कार्य अन्तिम उपाय हुने देखिन्छ । अन्तिम उपायअन्तर्गत लेनदेनसम्बन्धी कानुन र क्षेत्राधिकार प्रयोग गरी अदालत प्रवेश गरेको अवस्थामा अदालतले सम्बन्धित कानुनले तोकेको प्रतिशतभन्दा बढी ब्याज भराउन सक्ने देखिँदैन । जुन कानुन जुन प्रयोजनका निम्ति बनेको हो, त्यस कानुनले सो प्रयोजनभन्दा बढी वादीको दाबीबमोजिम निजको सुविधामा निर्णय हुन सक्ने देखिँदैन ।

फैसलामा अगाडि बोलिएको छ- (सहकारी) संस्थाको कारोबारलाई सन्तुलित राख्न ऋण प्रवाह मात्र नभई उक्त प्रवाह गरिएको ऋण असुली गर्नु उत्तिकै महत्त्वपूर्ण रहन्छ भने उक्त ऋण असुली गर्दा निश्चित ऐन तथा नियमबमोजिम गर्नुपर्ने देखिन्छ । ऋणीले ऋण लिई समयमा किस्ता तथा ब्याज चुक्ता नगर्नु वा गर्न नसक्नु ऋण कारोबारसम्बन्धी जोखिम हो । यसबाट संस्थाले गर्ने आम्दानी तथा संस्थाको कोषमा नकारात्मक प्रभाव पर्न सक्छ । यसले एकातिर ब्याज आम्दानी नहुने देखिन्छ भने अर्कोतिर प्रवाह गरेको ऋणको साँवा रकम नै डुब्ने सम्भावना हुन्छ । बैंक तथा वित्तीय संस्थाको भन्दा सहकारी संस्थाको ऋण सानो आकारको, छोटो अवधि र असुरक्षित प्रकृतिको हुनाले ऋणसम्बन्धी जोखिमको उचित व्यवस्थापन गरिनुपर्ने देखिन्छ । ऋणीको अनुगमनपश्चात् मात्र ऋण लगानी गर्ने वा कम्तीमा चरित्र, क्षमता, अवस्था, पुँजी र धितोजस्ता महत्वपूर्ण कुरा विश्लेषण गरेर मात्र ऋण प्रवाह गर्नुपर्छ । पहिलो पटक सदस्यलाई ऋण दिँदा कम रकम दिने, अधिकतम ऋणको सीमा तोक्ने, संस्थाले एउटै क्षेत्रमा लगानी गर्ने सीमा तोक्ने, कर्जा लगानी नीतिको अक्षरशः पालना गर्ने, सदस्यलाई सहकारी शिक्षा/वित्तीय शिक्षा प्रदान गरेर मात्र ऋण प्रवाह गरेमा ऋण जोखिम कम हुन सक्छ ।

नियमित अदालत, जिल्ला अदालतसमक्ष ऋण र ब्याज असुल गर्न दाबी लिएको कुरा सहकारी संस्थाले प्रचलन गराउनुपर्दा मुलुकी देवानी संहिताका लेनदेन व्यवहारसम्बन्धी व्यवस्थालाई पक्रेर जानुपर्ने व्याख्या छ । सहकारी विभागद्वारा सहकारी संघसंस्थाका लागि २०७८ फागुन १५ देखि लागू हुने गरी सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएको छ । सबै सहकारी संघसंस्थाले सदस्यलाई ऋण प्रवाह गर्दा अधिकतम सीमा १६ प्रतिशतमा नबढ्ने गरी बचत र ब्याजदरको अन्तर ६ प्रतिशत कायम हुनुपर्छ । बचत तथा ऋणको कारोबार गर्ने सबै संघ संस्थाले प्रवाह गर्ने ऋण लगानीमा व्यक्तिगततर्फ १ प्रतिशत र सामूहिक जमानीतर्फ १.५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाउने गरी तोकेको कानुनी हैसियत के हुने भन्ने कुरा फैसलामा विवेचित छ । फैसलाअनुसार सहकारी संस्थाको ऋणबापतको ब्याज के कति हुने भन्ने सम्बन्धमा कुनै निश्चित विश्वव्यापी मापदण्ड छैन । तुलनात्मक रूपमा हेर्दा प्रायः सहकारी संस्थाको उद्देश्य सदस्यता र प्रयोजनका आधारमा आफैंले ब्याज निर्धारण गर्ने देखिन्छ । कतिपय देशमा सम्बन्धित देशको केन्द्रीय बैंकले निर्धारण गरेको ब्याजदर आकर्षित हुने देखिन्छ । समान उद्देश्य भएका मूलतः न्यून आयका व्यक्तिले जम्मा गरेको रकमबाट एकअर्कालाई सहयोग गर्न खोलिने संस्था भएकाले वित्तीय लगानी वा कारोबारमा सामान्यतः बढी ब्याज लिनु उपयुक्त हुँदैन ।

परिवर्तित कानुनी अवस्थामा सहकारी ऐन २०७४ को दफा ५०(५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाउनेछैन भन्ने व्यवस्था छ । सहकारीको उद्देश्य र प्रयोजन हेर्दा कुनै पनि सहकारी संस्थाले आफ्ना सदस्यलाई प्रचलित बैंकिङ ब्याजदरभन्दा पनि न्यून ब्याजमा ऋण लगानी गर्नु उपयुक्त देखिन्छ । त्यस्तै ऋण असुली गर्दा ब्याजलाई साँवामा जोड्ने, फेरि ब्याज लगाउनेजस्ता कार्य आफ्नै समूहका सदस्यलाई शोषण गर्ने प्रकृतिको देखिन्छ । फैसलाले सहकारी संस्थाले प्रवाह गरेको ऋणमा प्रचलित लेनदेन व्यवहारसम्बन्धी कानुन आकर्षित हुने भनी व्याख्या गर्दै यसरी प्रवाह गरिएको ऋणमा लिखतमा ब्याज लिनेदिने उल्लेख भएकामा साहुले ऋणीबाट लिखतमा लेखिएबमोजिमको ब्याज लिन पाउनेछ । यसरी ब्याजको रकम साँवाको वार्षिक १० प्रतिशतभन्दा बढी हुने छैन, साहूले ब्याजको ब्याज लिन पाउँदैन, लिएको भए साँवामा कट्टी हुन्छ र साँवा चुक्ता भइसकेको रहेछ भने त्यस्तो ब्याज फिर्ता गर्नुपर्नेछ भन्ने कानुन आकर्षित हुने कुरा सुनिश्चित गरेको छ ।

सहकारी संस्थाको राखनधरन वा सञ्चालनको जिम्मेवारी सदस्यको हुनाले बैंक तथा वित्तीय संस्थाको भन्दा सहकारीको वित्तीय व्यवस्थापन फरक प्रकृतिको हुन्छ । यसको मूल फाइदा र उद्देश्य संस्थाका सदस्यलाई सुलभ र सहज रूपमा ऋण प्रवाह गर्नु हो । सहकारीले समाजमा अलग-अलग पहिचान कायम भएका आम मानिसलाई समान पहिचान प्रदान गरी सामूहिक उद्देश्य प्राप्तिका लागि सहजीकरण गर्छ । समाजका किसान, मजदुर र न्यून आय भएका व्यक्तिको सानो बचत परिचालनबाट राष्ट्रिय पुँजी निर्माण गर्ने सहकारीको उद्देश्य हो । तर, विशुद्ध वित्तीय संस्थाको नक्कल र परम्परागत बैंकिङ कार्य प्रणालीको अवलम्बनले कतिपय अवस्थामा सहकारी वित्तीय अपचलनको माध्यम भएको छ । जसको समाधान सहकारी सुशासनबाट मात्र हुन सक्छ ।

# २ सय १८ किलो गाँजा बरामद, एक पक्राउ



झापा(प्रस) । मोरङबाट प्रहरीले बिहीबार बिहान ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ । जहदा गाउँपालिका-३ हात्तीबन्दाबाट २ सय १८ किलोग्राम गाँजा बरामद भएको हो । गाँजासहित एकजना पक्राउ परेका छन् ।

जहदा गाउँपालिका-३ का ३४ वर्षीय भगवान किस्कू पक्राउ परेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए । उनका अनुसार मकैबारीभित्र लुकाइछिपाइ राखेको अवस्थामा २ सय १८ किलो गाँजा बरामद भएको हो।

मकैबारीभित्र बनाइएको टहरामा गाँजा लैजाँदै गरेको अवस्थामा किस्कूलाई पक्राउ गरिएको जानकारी बस्नेतले दिए । मकैबारीभित्र लुकाएर राखिएको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट इन्स्पेक्टर किशोर तामाङ र इलाका प्रहरी कार्यालय रानीबाट इन्स्पेक्टर सन्दीप बेलबासेको नेतृत्वमा खटिएको संयुक्त टोलीले बिहान १ :३० बजेतिर गाँजा बरामद गरेर किस्कूलाई पक्राउ गरेको हो ।

बरामद भएको गाँजासहित पक्राउ परेका किस्कूलाई जिल्ला प्रहरी कार्यालय मोरङमा लगेर थप अनुसन्धान अघि बढाइएको छ । किस्कूविरुद्ध लागूऔषध ऐनअन्तर्गतको मुद्दा चलाउने प्रहरीको तयारी छ । उक्त गाँजा भारततर्फ कटाउने तयारी गरिएको प्रहरीको भनाइ छ ।

प्रहरीले बरामद गर्दा प्लाष्टिकको बोराभित्र भुस हालेर त्यहाँभित्र गाँजा राखिएको थियो । 'गाँजा बरामद भएको स्थान नेपाल-भारत सीमानजिकै पर्छ । पहाडी जिल्लामा उत्पादन भएको गाँजा अवैध हिसाबले भण्डारण गरेर भारततर्फ लैजान खोजिएको हो,'प्रहरी स्रोतले भन्यो,'तत्काल बरामद गर्न सकिएका कारण भारत भने पुऱ्याउन पाएनन् । यस विषयमा थप अनुसन्धान भइरहेको छ ।'

स्रोतका अनुसार पक्राउ परेका किस्कू गाँजाको अवैध धन्दा चलाउने गिरोहका भरिया मात्रै हुन् । गाँजाका वास्तविक कारोबारीको भने पहिचान खुल्न बाँकी छ । प्रारम्भिक अनुसन्धानबाट प्राप्त विवरण र किस्कूले दिएको जानकारीका आधारमा गाँजाको अवैध धन्दामा संलग्नको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# माटोको ढिस्कोले पुरिएर बालकको मृत्यु

झापा(प्रस) । मोरङमा माटोको ढिस्कोले पुरिएर एक जना बालकको मृत्यु भएको छ । बूढीगंगा गाउँपालिका-६ का रामप्रकाश चौधरीका ११ वर्षीय छोरा प्रकाश चौधरीको माटोको ढिस्कोले पुरिएर मृत्यु भएको प्रहरीले जनाएको छ । साँझ ५ बजे घर नजिकै रहेको बूढी खोलामा साथीहरूसँग खेल्न गएका अबेरसम्म घर फर्केर नआएपछि खोजतलास गर्दै जाने क्रममा राति ९ बजे खोला छेउमा माटोको ढिस्कोले पुरिएको अवस्थामा शव फेला परेको थियो । उनलाई तत्काल उपचारको लागि विराट मेडिकल कलेज पुऱ्याउनासाथ डाक्टरले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# शिवसताक्षी ६ मा जेष्ठ नागरिकको भवन बन्दै

शिवगञ्ज(प्रस) । शिवसताक्षी नगरपालिका वडा नम्बर ६ मा जेष्ठ नागरिकको भवन बन्न थालेको छ । वडा गौरवको योजना जेष्ठ नागरिकको भवन बुधवार शिलान्यास भएको हो । वडा अध्यक्ष मनोज खुलाल कार्की, जेष्ठ नागरिक समाज शिवसताक्षीका अध्यक्ष अम्बिकाप्रसाद घिमिरे र सहारा नेपालका क्षेत्रीय संयोजक लोकवहादुर रोक्काले संयुक्त रुपमा भवनको शिलान्यास गरेका हुन् ।



जेष्ठ नागरिक भवन स्थानीय जनआदर्श माध्यमिक विद्यालयको जग्गा परिसरमा निर्माण हुने वडा अध्यक्ष खुलालले बताए । उनका अनुसार सहारा नेपाल साकोस र वडा कार्यालयको १०-१० लाख गरेर २० लाखको लागत सहभागितामा भवन निर्माण हुने भएको हो । सहारा नेपाल साकोसका क्षेत्रीय संयोजक रोक्काले वडा अध्यक्षले सो योजना ल्याएकोमा धन्यवाद दिए ।कार्यक्रम भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष चक्र लुईटेलको अध्यक्षतामा भएको थियो । सो कार्यक्रममा वडा सदस्य गोमा रिजाल, सहारा साकोसका शिवगञ्ज सेवाकेन्द्र प्रमुख नारायण पौडेलले पनि मन्तव्य राखेका थिए । भवन शौचालयसहित दुई कोठा र एउटा हल भएको हुने छ ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्कः 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः फोनः ०२३-५४०४७८ मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला । ०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आईः ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ